आज मिति २०७९ साल वैशाख ३० गतेका दिन यस अठुवानपुर शदी गाउँ कार्यपालिकाको ५ बैठक गाउँपालिकाको अध्यक्ष श्री विदुर हुमागाई ज्यू को अध्यक्षतामा बसी देहायको पदाधिकारीहरुको उपस्थितिमा देहायको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

श्री विदुर हुमागाई - अध्यक्ष
श्री हर्कमाया खुम्चा - उपाध्यक्ष
श्री आइत सिं लो - का.पा. सदस्य
श्री बरखान सिं पारिश्रन ,, ,,
श्री भागवत घिमिरे ,, ,,
श्री राम प्रसाद तिमल्सीना ,, ,,
श्री जित बहादुर घिमिरे ,, ,,
श्री टिका प्रसाद दाहाल ,, ,,
श्री सूर्य बहादुर खुम्चा ,, ,,
श्री कुमार सिं घिसिङ ,, ,,
श्री सुरेन्द्र सुनार ,, ,,
श्री चिनीमायाँ लडन्वा ,, ,,
श्री मङ्गु थोकेजन ,, ,,
श्री बुद्धे माया थोकेजन ,, ,,
श्री पातली मायाँ गोले ,, ,,

श्री निर्मला विश्वकर्मा का. पा. सदस्य निर्मला

श्री भिम वहादुर परियार - सदस्य सचिव

**मकवानपुरगढी गाउँपालिका**

गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली मकवानपुर

**मिति २०७५।१।३० गतेको कार्यपालिका वैठकका कार्यसूचीहरु**

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर नेपाल

**प्रस्तावहरु**

१. आगामी आर्थिक वर्ष २०७५।०७६ को योजना तर्जुमा तथा गाउँसभाको कार्यतालिका

२. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत सम्वन्धमा ।

३. स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि,२०७५

४. कृषि क्षेत्रको गूरुयोजना निर्माण सम्वन्धमा ।

५. सामरी खोलाको ओभर वोर्डन भिक्ने सम्वन्धमा ।

६. राजस्व परामर्श समितिमा सदस्य थप सम्वन्धमा ।

७. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिमा सदस्य थप सम्वन्धमा ।

८. विषयगत समितिमा सदस्य सचिव थप सम्वन्धमा ।

**निर्णयहरु**

प्रस्ताव नं १ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७५।०७६ को योजना तर्जुमा तथा गाउँसभाको कार्यतालिमका देहाय अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्र संचालन हुने गरी घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०७५ पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ४ माथि छलफलगर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्रको कृषि क्षेत्रलाई समावेश गरि गाउँ कृषि विकास गूरुयोजना निर्माण गर्न रु. ३,००,०००।-वजेट विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ५ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका वडा नं ३, २ र ६ को सिमानामा पर्ने सामरी खोलामा जम्मा भएको ओभर वर्डेन वर्षेनी रुमा जम्मा भई सो खोला नजिकको वस्ती अत्यन्त उच्च जोखिममा रहेको, सो स्थानमा गत वर्ष श्रावण महिनामा समेत सामरी खोला पसी सयौं विघा खेत तथा वाली समेत नस्ट भएकोले सो वस्ती तथा जग्गा नजिकको स्थानको खोला छेउमा जम्मा भएको ओभर वर्डेन भिक्नु पर्ने देखिएको हुँदा, गाउँपालिकाको चालु आर्थिक वर्षको गाउँसभावाट स्वीकृत योजना समेत सोही स्थानको वस्ती संरक्षणको लागि विनिययोजित भएको, सो को लागि सो स्थानको ओभर वर्डेन भिकी खोलाको सतहलाई घटाउने प्रयोजनको लागि गाउँपालिकाको विनियोजित वजेट र अन्य निकायहरु संगको साझेदारीमा उपभोक्ता समिति मार्फत सो स्थानको ओभर वर्डेन हटाउने कार्य तत्काल प्रारम्भ गर्नु पर्ने भएको हुँदा, सो स्थानवाट उत्खनन हुने गिटि वालुवा नजिकको

प्रमुख प्रशासकीय अधिकृत

सडकहरुमा प्रयोग गर्ने र उत्खनन भएको गिटि वालुवा अन्यत्र स्थानतरण हुन नदिई नजिकको स्थानमा जम्मा गरि राख्ने र कार्य प्रारम्भ शुरु भए पश्चात जिल्ला समन्वय समितिको कार्यालय मकवानपुर, जिल्ला प्रशासन कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई समेत जानकारी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा स्थानीय तहको बार्षिक बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को वुँदा न. ५.२.१ मा भएको व्यवस्था अनुसार देहाय अनुसार राजस्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : श्री हर्कमाया रुम्बा,उपाध्यक्ष
सदस्य : श्री भिम वहादुर परियार, प्रमुख प्रशासकीय अधिकृत
सदस्य : श्री आइत सिं लो, वडा अध्यक्ष
सदस्य : श्री मन्जु योन्जन, कार्यपालिका सदस्य
सदस्य : श्री निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि
सदस्य : श्री घरेलु तथा साना उद्योग सम्वन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष
सदस्य सचिव : श्री होमराज ढुंगेल, लेखापाल

प्रस्ताव नं ७ माथि छलफल गर्दा स्थानीय तहको बार्षिक बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को वुँदा न. ५.२.२ मा भएको व्यवस्था अनुसार साविक गठन भएको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा सदस्य थप गर्ने निर्णय गरियो ।

संयोजक : श्री विदुर हुमागाई, अध्यक्ष

सदस्य : श्री हर्कमाया रुम्वा ,उपाध्यक्ष

सदस्य : श्री वखान सिं पाखिन,वडा अध्यक्ष

सदस्य : श्री टिका प्रसाद दाहाल,वडा अध्यक्ष

सदस्य : श्री भागवत घिमिरे,वडा अध्यक्ष(थप गरिएको )

सदस्य : श्री निर्मला विश्वकर्मा,कार्यपालिका सदस्य (थप गरिएको )

सदस्य सचिव : श्री भिम वहादुर परियार, प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ८ माथि छलफल गर्दा स्थानीय तहको बार्षिक बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को वुँदा न. ५.१.३ मा भएको व्यवस्था अनुसार साविक गठन भएको विषयगत समितिमा निम्न अनुसारको सदस्य सचिव थप गर्ने निर्णय गरियो ।

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति : सदस्य सचिव श्री यूवराज पौड्याल

ख) सामाजिक विकास समिति : सदस्य सचिव श्री भोला चौलागाई

ग) पुर्वाधार विकास समिति : श्री दिपक गौतम

घ) वातावरण तथा विपत व्यवस्थापन समिति : श्री दिनेश लम्साल

ङ) आर्थिक विकास समिति : चन्द्रकान्त चौधरी

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner